नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २०७९/८० 
च.नं. /pmep/ ९१

मितिः २०७९/०४/०५

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय (७५३ सबै)
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

बिषय: आ.व.२०७९/०८० का लागि प्र.म.रो.का.को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण भएको व्यहोरा विदित्तै छ। अनुदानको कार्यान्वयन अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०७९/०४/०५ को निर्णयानुसार अनुरोध छ ।

(क) श्रोतगत विवरण

१. अनुदान रकम देहायका श्रोतबाट उपलव्ध गराईएको छ :-
   (अ) बजेट उपशिर्षक ३७१००१०२ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार)
   (आ) बजेट उपशिर्षक ३७१००१०३ बाट युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए.को सोधभर्नामा आधारित ऋण)

(ख) स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्ने

२. बुँदा नं. १ बमोजिम श्रोत कार्यान्वयन गर्दा **'स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन २०७४'** अनुसार बजेट तथा कार्यक्रम स्वीकृत हुनु पर्नेछ ।

३. यस कार्यक्रमबाट रोजगारी उपलव्ध गराउँदा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनामा ४० जना मात्र र प्रधानमन्त्री रोजगार कार्यक्रमको श्रोतबाट विनियोजित बजेटको सिमा भित्र रही थप सूचिकृत बेरोजगार व्यक्तिलाई संलग्न गराउनु पर्नेछ । उपरोक्त दुबै श्रोतवाट रोजगारीमा संलग्न गराइने प्रत्येक बेरोजगार व्यक्तिलाई एक सय दिन बराबरको रोजगारी उपलव्ध गराउनु पर्नेछ ।

-------- श्रमको सम्मान-राष्ट्रिय अभियान --------

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ......................
च.नं. /pmep

(ग) आयोजना छनौट सम्बन्धमा

४. ब.उ.शि. ३७१००१०२ मार्फत नेपाल सरकारको श्रोतबाट रोजगारी सृजना गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७० बमोजिमको रोजगारमूलक आयोजना तर्जुमा गर्नु पर्नेछ ।

५. ब.उ.शि. ३७१००१०३ मार्फत आई.डि.ए. को श्रोतबाट रोजगारी सृजना गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ अन्तर्गतका पूर्वाधार मर्मतका आयोजनालाई छनौट गरी दफा ३१ बमोजिम स्वीकृत गर्नु पर्नेछ ।

६. बुँदा नं. ३ बमोजिम रोजगारी उपलव्ध गराउन सकिने श्रमिकको सङ्ख्या एकिन गरी **'बेरोजगार व्यक्तिको सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६'** बमोजिम स्वीकृत भएको रोजगार व्यवस्थापन सूचना प्रणालीमा उपलव्ध हुने बेरोजगार व्यक्तिको प्राथमिकिकरण सुचीबाट उपल्लो प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउनु पर्नेछ ।

७. बुँदा ४ र ५ बमोजिम योजना तर्जुमा गर्दा **'कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७'** को दफा ४ को उपदफा (३) बमोजिम आयोजना बैङ्क (प्रोजेक्ट बैङ्क) मा संलग्न गराई सोहि बैङ्कमा रहेको आयोजना मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

८. पूर्वाधार निर्माण तथा मर्मत आयोजनामा गुणस्तर कायम गर्न स्थानीय तह वा अन्य श्रोतबाट थप बजेट परिचालन गरी आयोजना सञ्चालन गर्नु पर्नेछ ।

(घ) बजेटको प्रविष्टी तथा बजेट परिचालनका क्षेत्रहरु

९. बुँदा नं.१ मा उल्लेखित LMBIS मार्फत हस्तान्तरण भएको बजेट बुँदा नं. १० बमोजिम रकम तथा श्रोत सुनिश्चित गरी SUTRA मा प्रविष्ट गर्नु पर्नेछ । सो को विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणालीको वित्तीय विवरणमा समेत अद्यावधिक गर्नु पर्नेछ।

१०. बुँदा नं. ९ बमोजिम बजेटको प्रविष्टि देहाय बमोजिम हुनु पर्नेछ :-

| बजेट उपशीर्षक | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | प्रविष्ट गर्नुपर्ने खर्च शीर्षक नं. | पुष्ट्याई |
|---|---|---|---|---|
| ३७१००१०२ (श्रोत: नेपाल | २.५.७.५ | रोजगार संयोजकको तलव | २१११२ | रोजगार संयोजकको तलब |
| | २.५.७.६ | रोजगार संयोजकको स्थानीय भत्ता | २११३१ | रोजगार संयोजकको स्थानीय भत्ता |

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ......................
च.नं. /pmep/

| | | | | |
|---|---|---|---|---|
| सरकार अनुदान) | २.५.७.७ | रोजगार संयोजकको पोशाक | २११२१ | रोजगार संयोजकको पोशाक |
| | २.७.३.७ | रोजगारी सृजना | २२५२२ | रोजगारी सृजना / बेरोजगार सहायता कार्यक्रम |
| ३७१००१०३ (श्रोत: सोधभर्नामा आधारित IDA ऋण) | २.४.१.५ | रोजगार सेवा केन्द्रको सञ्चालन खर्च | | श्रोत खुल्ने गरी यहाँ तोकिएका चालु खर्च शिर्षक मध्ये आवश्यकता अनुसार बाँडफाँड गरी खर्च गर्नु पर्नेछ। |
| | | सञ्चार | २२११२ | |
| | | कार्यालय सञ्चालन | २२३११ | |
| | | अनुगमन मूल्याङ्कन | २२६११ | |
| | | विविध | २२७११ | |
| | | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन | २२५२२ | यस कार्यक्रमका लागि रु. ५०,००० विनियोजन गरी खर्च गर्नु पर्नेछ। |
| | | स्थानीय तहको रोजगार रणनीति तर्जूमा | २२५२२ | यस कार्यक्रमका लागि रु. ५०,००० विनियोजन गरी खर्च गर्नु पर्नेछ। |
| | | रोजगार संवाद मञ्चको सञ्चालन | २२५२२ | यस कार्यक्रममा रु. २०,००० विनियोजन गरी खर्च गर्नु पर्नेछ। |
| | २.५.७.८ | प्राविधिक सहायकको तलव | २१११२ | श्रोत खुल्ने गरी यहाँ तोकिएका खर्च शिर्षक मध्ये आवश्यकता अनुसार रकम प्रविष्टि गर्नु पर्ने। |
| | २.५.७.९ | प्राविधिक सहायकको स्थानीय भत्ता | २११३१ | |

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ......................
च.नं. /pmep/

| | | | | |
|---|---|---|---|---|
| | २.५.७.१० | प्राविधिक सहायकको पोशाक | २११२१ | |
| | २.५.३.५ | रोजगार सहायकको तलव | २१११२ | श्रोत खुल्ने गरी यहाँ तोकिएका खर्च शिर्षक मध्ये आवश्यकता अनुसार रकम प्रविष्टि गर्नु पर्ने। |
| | २.५.३.७ | रोजगार सहायकको पोशाक | २११२१ | |
| | २.५.३.६ | रोजगार सहायकको स्थानीय भत्ता | २११३१ | |
| | २.६.४.९३ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | २२५२२ | मन्त्रालयवाट जारी हुने कार्यविधि बमोजिम कार्यान्वयन गर्नु पर्ने। |
| | ११.३.७.६ | रोजगार सेवा केन्द्रको सुदृढीकरण | | श्रोत खुल्ने गरी यहाँ तोकिएका पूँजिगत खर्च शिर्षक मध्ये आवश्यकता अनुसार बाँडफाड गरी खर्च गर्नु पर्ने। |
| | | १) फर्निचर | ३११२३ | |
| | | २) मेशिनरी तथा औजार | ३११२२ | |
| | २.७.३.८ | रोजगार सृजना | २२५२२ | यो क्रियाकलाप अन्तर्गत रोजगारी सृजना तथा कार्यस्थलमा आधारित तालिम सञ्चालनका लागि आवश्यक पर्ने श्रमिकको ज्यालामा खर्च गर्नु पर्ने। |

(ङ) कार्यस्थलमा आधारित सीप विकास तालिम

११. मन्त्रालयले तोकेको स्थानीय तहहरुमा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालन कार्यविधि, २०७६ को दफा ३६ बमोजिम कार्यस्थलमा आधारित तालिम सञ्चालन हुनेछ । तालिम सञ्चालन तथा सोको प्रक्रियाका सम्बन्धमा मन्त्रालयले जानकारी उपलब्ध गराउने छ ।

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. .......................
च.नं. /pmep/

१२. बुँदा नं. ११ बमोजिमको तालिममा सहभागी हुने लाभग्राहीलाई अधिकतम ५० दिनको ज्याला सहितको तालिम र बाँकी ५० दिन कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा परिचालन गर्नु पर्नेछ ।

(च) रोजगारीमा परिचालन

१३. मन्त्रालयले उपलव्ध गराएको नमूना रोजगार रणनीतिको आधारमा स्थानीय तहले रोजगारीको सम्भावना र आगामी रणनीतिलाई संलग्न गरी स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्नु पर्नेछ।

१४. सूचीकृत बेरोजगारहरुलाई स्थानीय तह भित्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, सहकारी वा अन्य क्षेत्रबाट सञ्चालनमा आएका रोजगारमूलक क्रियाकलापमा प्राथमिकताका साथ संलग्न गराउन रोजगार सेवा केन्द्रले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

१५. बुँदा नं. १४ बमोजिम रोजगार वा स्वरोजगारका क्रियाकलापमा संलग्न गराउन नसकिएका बेरोजगार व्यक्तिलाई मात्र प्रधानमन्त्री रोजगार कार्यक्रम /युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट उपलव्ध बजेटको प्रयोग गरी रोजगारीमा संलग्न गराउनु पर्नेछ। तर, एउटै परिवारवाट दुई वा दुई भन्दा बढी व्यक्तिले रोजगारी प्राप्त गर्ने अवस्था देखिएमा निजहरुले भरेको आवेदन फारामको छानविन गरी तदनुरुपको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीको विवरणमा अद्यावधिक गर्नु पर्नेछ ।

१६. बेरोजगार व्यक्तिले रोजगार आयोजनामा संलग्न हुन ईन्कार गरेमा वा तोकिएको आचरण पालना नगरेमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा २२ बमोजिम वेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

(छ) आयोजनाको सञ्चालन

१७. आ.व. २०७९/०८० का लागि ४० जना भन्दा कम बेरोजगार व्यक्ति सूचिकरण भएका स्थानीय तहको हकमा प्राविधिक सहायक तथा रोजगार सहायकको करार सम्झौता नविकरण गर्न वा नियुक्ति गर्न मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१८. रोजगार संयोजकको करार सम्झौता नविकरणका सम्बन्धमा निर्देशिकाको दफा ४८ को उपदफा (३) बमोजिम अनिवार्य रुपमा कार्य सम्पादन मूल्याङ्कन गरिएको हुनु पर्नेछ ।

(ज) खर्च गर्ने तथा प्रतिवेदन पेश गर्ने

१९. अर्थ मन्त्रालयको आ.व. २०७९/०८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. २७ बमोजिम दोश्रो त्रैमासिक निकासा/ भुक्तानीका लागी ३०% र तेश्रो त्रैमासिक निकासा/ भुक्तानीका लागि सो अवधि सम्मको न्यूनतम भौतिक प्रगती ५०% हुनु पर्ने व्यबस्था रहेको छ। भौतिक तथा वित्तीय प्रगति अनिवार्य रुपमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्नु पर्नेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ......................
च.नं. /pmep/

२०. सशर्त अनुदानको प्रयोग प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले तोके बमोजिमको क्षेत्रमा हुनु पर्नेछ । तोकिएको क्षेत्र भन्दा वाहिर अनुदानको रकम खर्च भएमा खर्च गर्ने व्यक्ति तथा निकाय नै जिम्मेवार हुनु पर्नेछ ।

२१. श्रमिकलाई ज्याला वापतको भुक्तानी गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७ को उपदफा (२) बमोजिमको प्राविधिक मूल्याङ्कन हुनु पर्नेछ ।

२२. युवारुप आयोजनाको वित्तीय व्यवस्थापन 'युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६' को परिच्छेद १३ बमोजिम हुनु पर्नेछ ।

२३. स्थानीय तहबाट खर्चको लेखाङ्कन तथा भुक्तानी गर्दा SUTRA प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

### (झ) नमूना रोजगार केन्द्र सञ्चालन सम्बन्धमा

२४. तोकिएका १३ वटा स्थानीय तहमा नमूना रोजगार सेवा केन्द्र सञ्चालनको लागि मन्त्रालयले अनुदान उपलब्ध गराएको र सो अनुदान परिचालन मन्त्रालयले जारी गरेको कार्यविधि बमोजिम हुनु पर्नेछ।

### (ञ) चालु आ.व. २०७९/०८० मा खर्च नभई बाँकि रहेको रकम फिर्ता गर्ने सम्बन्धमा

२५. आर्थिक वर्ष २०७९/०८० का लागि स्थानीय तहलाई उपलब्ध गराइएको अनुदान र खर्चको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हिसाव मिलान गर्नु पर्नेछ । खर्च हुन बाँकि रकम कार्यक्रमको नाम, बजेटको श्रोत तथा बजेट उपशिर्षक उल्लेख गरी छुट्टै बैङ्क भौचरबाट २०८० आषाढ २५ गते भित्र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोषमा दाखिला गरी सो को जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ।

(लोकनाथ भुसाल)
उपसचिव

बोधार्थ:
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरबार
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर